# १८. श्री हृषिकेश शाह

*[कारणवश समर्पण गर्न स्थगित रहेको संवत् २०४७ सालको पुरस्कार 'जगदम्बा-श्री' सिक्किमका तत्कालीन मुख्य मन्त्री श्री नरवहदुर भण्डारीलाई समर्पण गर्न संवत् २०५० साल चैत्र १६ गते रोज ३ का दिन आयोजित समारोहमा प्राध्यापक श्री हृषिकेश शाहले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १३८ बाट उद्धृत गरिएको हो।]*

सभापति महोदय, महामहिम नरबहादुर भण्डारीज्यू, साथीहरू !

नेपालको पूर्वोत्तर सीमामा स्थित सङ्घात्मक गणतन्त्र भारतको सिक्किम राज्यका मुख्य मन्त्री महामहिम श्री नरबहादुर भण्डारीलाई २०४७ सालको 'जगदम्बा-श्री' पुरस्कार हस्तान्तरण गर्न मदन पुरस्कार गुठीद्वारा आयोजित विशेष समारोहमा वक्तव्य दिन बोलाइएकोमा मैले आफूलाई धन्य सम्झेको छु।

मदन पुरस्कार गुठीले भण्डारीज्यूलाई पुरस्कृति गरेर एकातिर आफै पनि सम्मानित भएको छ भने अर्कोतिर विलम्ब साथै भए पनि उहाँले पुरस्कार ग्रहण गरेर आफू सम्मानित भएको प्रत्यक्ष प्रमाण दिनुभएको छ। 'सम्मानबाट सम्मानको प्रत्यावर्तन हुन्छ' भन्ने प्रचलित लोकोक्तिको यथार्थताको अहिलेको यो अन्योन्य क्रिया द्योतक हो।

राजनैतिक जीवनको सङ्घर्षमा सामना गर्नुपर्ने अनगिन्ती अग्निपरीक्षाहरूबाट भण्डारीज्यू प्रतिष्ठासाथ उत्तीर्ण हुनुभएको नेपाल र भारतका सुसूचित र शिक्षित धेरै नेपालीले जानेसुनेकै कुरा हो। सिक्किममा प्रजातन्त्रको निम्तिको जनआन्दोलनमा होस् वा भारतमा विलयपश्चात्को सिक्किमको आन्तरिक राजनीतिको प्रतिस्पर्धात्मक सङ्घर्षमा होस् वा सिक्किममा संवैधानिक सरकार स्थापित भइसकेपछि सरकारप्रमुख वा मुख्य मन्त्रीको हैसियतमा दिल्लीस्थित भारतको केन्द्रीय सरकारसँग मुठभेट घम्साघम्सी पर्दा होस् भण्डारीज्यूले आफ्नो प्रबल राजनैतिक आग्रह, साहस, दूरदर्शिता र व्यावहारिक कुशलताको विलक्षण गुण र प्रतिभा घरीघरी देखाइसक्नुभएको छ।

उहाँ काठमाडौं आइपुग्नेअघिका पाँच दिनभित्रै पनि नेपालका दुई चर्चित नेपाली साप्ताहिकहरूमा 'नरबहादुर भण्डारी नेपाल विरुद्धमा' र 'सिक्किमको दावी-

नरबहादुरले तानाशाही चलाएका छन्' जस्ता शीर्षक राखी समाचारहरू नछापिएका होइनन् तर यसकिसिमको प्रचारले भण्डारीज्यूलाई निरूत्साहित पार्न वा उहाँको मनोबल कमजोर पार्न कदापि सक्तैनन् भनेर म ठोकुवा गर्न सक्छु । योभन्दा निकैअघि पनि भारतको केन्द्रीय सरकारको उहाँमा दबाब परिरहेको बेलामा आफूलाई नेपाली भनेर भारतीय नागरिक नरहेको जस्तो भण्डारीज्यूले देखाउन खोज्नुभयो भन्ने भान पारी सिक्किम, भारत र नेपालकै पनि कतिपय छापाहरूले उहाँ विरूद्ध कुघोत गर्ने चेष्टा गरेको मलाई राम्ररी थाहा छ । यसरी उहाँ सधैं जसो विवादमा परिरहेको देखिए तापनि विवादस्पदताले उहाँको महिमा र सार्थकतालाई घटाउनाको सट्टा झनझन् बढाउँदै गएकोले उहाँलाई विवाद सधैं जस्तो फलिफाप भएको छ भन्ने निष्कर्षमा म पुगेको छु ।

सिक्किम भारतको सानो राज्य भए पनि त्यहाँको राजनीति ज्यादै जटिल छ । विभिन्न प्रकारका चुनाव क्षेत्रबाट छानिएर आएका तीन-चार थरीका सदस्यहरूले सिक्किमको विधानसभा बनेको छ । सबैलाई खुला साधारण निर्वाचन क्षेत्रबाट १७ जना विधान सभाका सदस्य छानिन्छन् । विधान सभामा अरू थप दुई स्थानहरू अनुसूचित नेपाली जातहरूलाई सुरक्षित गरिएका छन् । कूल जम्मा ३२ सदस्य रहेको विधान सभामा बाँकी १३ स्थानहरूमध्ये १२ भोटिया लाप्चेहरूको निम्ति राखिएका छन् भने एक स्थानचाहिँ सङ्घको निम्ति सुरक्षित छ । सिक्किममा पनि हाम्रो यहाँ जस्तै ससदीय शासन प्रणाली छ । यो प्रणालीबमोजिम त्यहाँ राजकाज गर्न जातीय, जनजातीय, धार्मिक, भाषिक, अल्पसङ्ख्यक समुदायहरूको हित र स्वार्थको हेरचाह र रक्षाको निम्ति राम्रो तारतम्य नमिलाई सुख छैन । जेलेपला र नाथुला दर्रावा घाँटीको वारिपारि कैयन् वर्षदेखि आँखा जुधाएर एक अर्काको सामना गरिरहेका भारतीय र चिनियाँ सैनिकदलहरू रहिआएको राज्यको मुख्य मन्त्रीलाई केन्द्रीय सरकारसँगको सम्बन्धमा जस्तो राजनैतिक कुशलता आवश्यक छ, यसको लागि भण्डारीज्यूले जुन कलाकौशल अपनाउनुभएको छ त्यो ज्यादै सराहनीय छ भन्न सबैलाई कर लाग्छ । नत्र यतिका वर्षसम्मन् संसदीय शासन प्रणालीको विधिवत् निर्वाचित मुख्य मन्त्री रहिरहन् कदापि सक्नुहुन्नथ्यो । हाम्रो यहाँ संसदीय शासन प्रणाली लागू गरिएको ३ वर्ष पनि नपुग्दै यतिका बाधा व्यवधानहरू आइपरेकोबाट पनि भण्डारीज्यूले सिक्किममा सोही प्रणालीद्वारा शासन चलाउँदा कस्ता समस्याहरू सामना गर्नुपऱ्यो होला हामी त्यसको सजिलैसँग अजमाइस गर्न सक्छौं । यो सबबाट भण्डारीज्यू एक सिद्घहस्त कुशल राजनीतिज्ञ मात्र नभई दूरदर्शी राजनेता पनि हुनुहुन्छ भन्ने सिद्ध हुन्छ ।

मदन पुरस्कार गुठीले महामहिम श्री नरबहादुर भण्डारीलाई उहाँको राजनैतिक उपलब्धिहरूको निम्ति सम्मान गर्न खोजेको होइन भन्ने कुरा मलाई राम्ररी थाहा छ । यति हुँदाहुँदै पनि खास उद्देश्य राखेर नै मैले उहाँको राजनैतिक पृष्ठभूमिको सबभन्दा पहिले उल्लेख गरेको हुँ । किनभने भारतमा उहाँहरूको विशेष राजनैतिक

स्थान मर्यादा र प्रभावले गर्दा नै सिक्किमका मुख्य मन्त्री नरबहादुर भण्डारीज्यू र उहाँकी धर्मपत्नी लोकसभाका सदस्य श्रीमती दिलकुमारी भण्डारी (विवाहपूर्व राई) ले नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचिमा स्थान दिलाउन सार्थक र सफल भूमिका खेल्न सक्नुभएको हो। दार्जीलिङ, सिक्किम र भारतका अन्य क्षेत्रहरूमा बसोबास गर्दै आउनुभएका नेपालीहरूले यो माग गरिरहेकोमा यतिका वर्षपछि हालसालै मात्र यो माग पूरा भएकोबाट पनि मेरो उपर्युक्त दलिलको पुष्टि हुन्छ।

सन् १९८३ को हिउँदताक गान्तोक र खास गरी त्यहाँबाट देखिने कञ्चनजङ्घा हिमशिखरको दृश्य-शोभा हेर्न जाँदा भण्डारी दम्पतीसँग भेटघाटको सौभाग्य पाएको हो र त्यतिबेला उहाँहरूले मलाई माया गरेर गर्नुभएको खातिर सत्कार मैले कहिले पनि बिर्सनेछैन। आफूसँग तत्पूर्व अपरिचित सिक्किमका तत्कालीन राज्यपाल तलेयर खान महोदयको म परिस्थितिवश गान्तोकमा आवासीय पाहुना बन्न पुगेको थिएँ। सिक्किमको राज्यपालको मुख्य मन्त्रीसँगको व्यक्तिगत द्रोह र वैमनस्यमा म अनैच्छिक र अनभिप्रेत तरिकाले मुछिन पुगें। परिणामस्वरूप मलाई त खास केही भएन तर मुख्य मन्त्रीज्यूलाई त लगत्तै अर्को साल पदबाट अवैधानिक तवरले हटाइएकोले ठूलो कष्टसाथ पुरुषार्थ देखाई निर्वाचनमा फेरि पनि विजयी भएर सत्ता हासिल गर्नुपर्ने नौबत आइलाग्यो। मलाई त्यतिबेला परिस्थितिले यस्तो गम्भीर फेरो लेला भन्ने कत्ति पनि लागेको थिएन।

मेरो भण्डारीज्यूसँगको पहिलो भेटमा उहाँ कताकता सन् १९५० को शताब्दीको बी.पी. कोइराला हुनुभए जस्तो मलाई लाग्यो। उहाँसँगको कुराकानीको प्रसङ्गमा मलाई युवा बी.पी.को झल्को आएको म अझै सम्झन्छु। आत्मविश्वास, आशावाद र स्पष्टवादी स्वभाव दुवैको उस्तैउस्तै लाग्यो। भण्डारीज्यूले मलाई त्यतिबेला भन्नु भएका दुइटा कुरा ज्यादै घत लागेकोले मैले बारम्बार दोहऱ्याउने गरेको छु। सिक्किममा बोलिने सबै भाषाहरूलाई उहाँले सम्मान र मान्यता दिनुभएकोले त्यहाँ सबैले विधानसभामा नेपाली भाषाकै मात्र प्रयोग गरेको र राज्यमा नेपाल अधिराज्यमा जस्तो भाषासम्बन्धी कचिङ्गलो नभएको कुरा उहाँले मसँग गर्नुभएको थियो। दोस्रो कुराचाहिँ थियो विभिन्न जाति, जनजाति, धर्म, भाषा भएको राज्यमा राजनैतिक एकात्मता ल्याउनेबारे। आफ्नै उदाहरण दिँदै उहाँले भन्नुभएको थियो– "यसको एक मात्र उपाय छ- अन्तर्जातीय विवाह।" उपर्युक्त यी दुवै कुरा हाम्रा लागि पनि मननीय र ग्राह्य छन् जस्तो मलाई लाग्छ।

भारतको सिक्किम राज्यको भन्दा व्यापक क्षेत्रमा तर राजनीतिदेखि भने बिलकुल बेग्लै रहेर नेपाली भाषाको प्रचार-प्रसार र उन्नतिको कञ्चन उद्देश्य राखी सृजनात्मक अभ्यासद्वारा भारतका विभिन्न भागमा छरिएका आधा करोडभन्दा बढी नेपाली भाषाभाषीहरूमा एकात्मकता र सान्निध्यको भावना र चेतनाको जागरण गराउन र आत्मविकासको निम्ति रचनात्मक प्रेरणा दिन भण्डारीज्यूको अध्यक्षतामा

"भारतीय नेपाली राष्ट्रिय परिषद्" को संस्थापना भएको पनि केही वर्ष भइसकेको छ। नेपाली भाषालाई भारतीय संविधानको आठौं अनुसूचिमा स्थान दिलाउने संस्थाको तात्कालिक उद्देश्य पनि पूरा भइसक्यो। अब दूरगामी लक्ष्यप्राप्तिमा पनि यो संस्थालाई उत्तिकै सफलता मिलोस् भन्ने हाम्रो आशा र हार्दिक शुभकामना छ।

पञ्चायतकालीन नेपालमा उहाँको सम्मान आयोजना गरिएको जलपानको अवसरमा काठमाडौंका पत्रकारहरूले नेपालका कुनकुन नयाँ साहित्यिक प्रकाशनहरू पढ्नुभएको छ भनेर उहाँसँग सोधेको प्रश्नको जवाफ मैले टाढाबाट सुनिरहेको थिएँ। उहाँको जवाफ थियो "कुनकुन मैले पढेको छु भनेर सोध्ने हैन कुनकुन पढेको रहेनछु भनेर सोधेर जाँच्नोस्।" यसैबाट नेपाली साहित्यमा उहाँको विशेष सोख भएको अडकल गरेको थिएँ। उहाँका कविता, कथा, निबन्ध नेपाली पत्रपत्रिकाहरूमा वरावर निस्कने गरेका छन्। 'अर्चना' भन्ने पत्रिकाको सम्पादन उहाँले गर्नुभएको हो। 'हाम्रो पुकार' भन्ने एउटा पुस्तक उहाँको सम्पादनमा प्रकाशित भएको छ भने 'टुहुराका विचारहरू' र 'नरबहादुर भण्डारीका केही रचनाहरू' उहाँका प्रकाशित कृतिहरूमा पर्छन्। सृजनात्मक र साहित्यिक रचनामा पनि हाम्रा वी.पी. कै जस्तै उहाँको अभिरूचि भएको देखिन्छ।

नेपाली भाषा र साहित्यको सेवाको निम्ति उहाँलाई भारतमा पनि त्यहाँको लोकसभाका सभामुखको समुपस्थितिमा "भारत सूर्य सम्मान" र राष्ट्रिय हिन्दी एकाडेमीवाट "राष्ट्र भाषा रत्न" को सम्मान प्राप्त भइसकेको छ। 'जगदम्बा-श्री' उहाँलाई समर्पण गरेर उहाँप्रति आभार व्यक्त गर्न नेपाल पनि पछि नपरेको देखिन्छ।

राजनीति भनेको व्यावसायिक पेसा होइन न त यो जीविकोपार्जनको उपाय हो। यो त जीवनको उच्च र उदात्त मिसन हो भन्ने कुरा उहाँले भावी पुस्तालाई आफैं उदाहरण बनेर शिक्षा दिनुभएको छ। राजनीति जीवन यापन गर्ने बाटो मात्र होइन, यो त हामीमध्ये सबैले आफ्नो जीवन र समयका उच्च आदर्शहरू, मनोवेगहरू आत्मसात् गर्न सकौं भनेर महानतासाथ जीवित रहने बाटो हो। "मानवको खँदिलोपनको पारख गर्ने राजनीतिभन्दा बढी सशक्त अर्को बौद्धिक अभ्यास छैन" भन्ने पश्चिमका एक जना ओजस्वी मनीषी डयाग् हयामरशोल्डको मार्मिक अभिव्यक्तिको प्रतिष्ठित श्रोतावृन्दलाई याद दिलाउँदै मेरो वक्तव्य म यहीं टुङ्ग्याउँछु।

☒ ☒ ☒